# न्यूज फेस्टीबलका लागि अन्तर्क्रिया

भैरहवा, २३ कार्तिक- लुम्बिनी प्रेस क्लवको आयोजनामा दुई जिल्लामा न्यूज फेस्टीबलका लागि अन्तरक्रिया बैठक सम्पन्न भएको छ।

संघीयतामा सञ्चार, समृद्धिका लागि मोफसल नै मुल आधार भन्ने मुल नाराका साथ चितवन जिल्लाको भरतपुर पत्रकार महासंघ र पत्रकार महासंघ नवलपुर शाखाका बीचमा अन्तरक्रिया कार्यक्रम सफलताका साथ सम्पन्न भएको लुम्बिनी प्रेस क्लवका अध्यक्ष दिपेश पछाईले बताए।

बुद्ध जन्मस्थल लुम्बिनीमा यहि मंसिर १ गते देखि ३ गते सम्म हुन लागेको न्यूज फेस्टीबल नेपालकै लागि उत्सवका रूपमा रहने पत्रकार महासंघ चितवनका अध्यक्ष राधेश्याम खतिवडाले बताए। पत्रकारहरूका आफ्नै विषयमा कुनै महोत्सव भएका थिएनन्। सबै ठाउँको सिकाईका लागि सबै प्रदेशका प्रतिनिधिहरूलाई सहभागि गराउनु पर्छ खतिवडाले भने।

लुम्बिनी न्यूज फेस्टीबलका कार्यक्रम संयोजक दिपेन्द्र बडुवालले संघीयता पछिको सञ्चार कस्तो हुने प्रेस क्लवले बहस सीर्जना गर्न खोजेको बताए। काठमाडौंलाई सुनाउनु छ, सम्पादकलाई बुझाउनु छ। ४० जना सम्पादकलाई निमन्त्रणा गरेका छौँ। बीटमा लेख्ने उत्कृष्टलाई पनि बोलाएका छौँ बडुवालले भने, संघियतामा कसरि अंगाडी बढ्ने सम्पादकले शेयर गर्नु हुन्छ १५/२० वटा सत्रहरू परिकल्पना गरेका छौँ।

चितवनबाट द हिमालय टाइम्समा कार्यरत तिलक रिमालले फेस्टीबलमा दुर्गम ठाउँहरूमा बसेर पत्रकारिता गर्ने पत्रकारहरूलाई सहभागि गराउन सुझाव दिए। कर्णालिका पत्रकारहरू कार्यक्रममा सहभागि भए त्यहाँ समस्या के छन् ती सुनाउने, स्थानियका के समस्या छन् राष्ट्रिय रूपमा पनि के समस्या रहेछन् भनी उनिहरूको अनुभव बिज्ञहरूले सुन्ने कार्यक्रम भए राम्रो हुने रिमालले सुझाव दिएका थिए।

डब्लु डब्लु जे का अध्यक्ष प्रमिता ढकालले पुराना समाचारका दस्ताबेज कार्यक्रममा समाबेश हुन सके कार्यक्रमले ऐतिहासिक झल्काउने बताइन्।




ढकालले कुन कुन जिल्लामा उत्कृष्ट पत्रकारिता पुरस्कार कस्ता ब्यक्तिले पाए अभिलेखिकरण गर्नका लागि प्रेस क्लवलाई सुझाव दिइन्।

पत्रकार महासंघ नवलपुर शाखाका उपाध्यक्ष श्रीराम सिग्देलले बिगतमा कुन ढंगबाट पत्रकारीता सुरुवात भयो हालको अवस्था कस्तो छ भनि फेस्टीबलमा प्रस्तुत गरे कार्य क्षमता र दक्षता बृद्धिमा टेवा पुग्ने बताए। हामीले लेख्ने सम्पादकीय इथिक्स हामीले गर्न नसकिरहेको उनले बताए। उर्वर ठाउँ भए पनि पूर्वमा चितवन र पश्चीममा रूपन्देहीले चेपुवामा पारेको सिग्देलले बताए।

लुम्बिनी प्रेस क्लवका उपाध्यक्ष नरेश केसिले तीन सय भन्दा बढी पत्रकारहरूको आउने फेस्टीबल ऐतिहासिक हुने बताए। कार्यक्रममा सरकारी मिडियाका प्रमुख, राष्ट्रिय मिडियाका सम्पादकहरू कार्यक्रममा आउने तालिका रहेको केसिले बताए।

लुम्बिनी प्रेस क्लवका अध्यक्ष दिपेश पछाईले क्लव रचनात्मक क्रियाकलाप गर्नु पर्छ भनेर स्थापना भएको बताउँदै पत्रकारमहासंघ प्रतिस्पर्धि नभएर अभिभावक संस्था भएको तर्क गरे। प्रेस क्लवको थाइल्याण्डको भ्रमणबाट न्यूज फेस्टीबल गर्ने निर्णय भएको पछाईले बताए।

नेपालपत्रकार महासंघ रूपन्देहीका सह सचिव तथा लुम्बिनी प्रेस क्लवका सल्लाहकार कमल रायमाझिले लुम्बिनी प्रेस क्लव समाचार लेख्ने पत्रकारहरूको साझा संथा भएको बताए।

लुम्बिनी प्रेस क्लवका सल्लाहकार नारायण सापकोटाले अब स्थानिय ठाउँका स्थानिय मिडियाले समाचार प्रबाह गर्नु पर्ने बताए। देश संघियतामा गई सकेपछि स्थानिय रेडीयोहरूले स्थानिय समाचारलाई बढी प्राथमिकता दिनु पर्ने सापकोटाले बताए। प्रेस क्लवका महासचिव सम्झना शर्माले न्यूज फेस्टीबलमा ऐतिहासिक परम्परागत पत्रकारका सामग्री राखिने बताइन।

## अन्तर्राष्ट्रिय समाचार

# भारतीय सर्वोच्च अदालतको 'अयोध्यासम्बन्धी फैसला' बाट सन्तुष्ट नरहेको मुद्दाको मुसलमान पक्षको भनाई

एजेनसी/ भारतको सर्वोच्च अदालतले बाबरी मस्जिद-राम जन्मभूमि विवादको केन्द्रमा रहेको जमिनलाई हिन्दू पक्षलाई दिने फैसला गरेको छ।

मुस्लिम पक्षधर 'सुन्नी वक्फ बोर्ड' ले आफूहरू फैसलामा सन्तुष्ट नरहेको बताएको छ। सर्वोच्चको फैसला पछि एक पत्रकार सम्मेलन गरेर सुन्नी वक्फ बोर्डका वकिल जफरयाब जिलानीले यसको जानकारी गराएका हुन्।

तथापि देशको सर्वोच्च न्यायिक निकायबाट भएको फैसलालाई आफूहरूले सम्मान गर्ने जिलानीले बताए।

जिलानीले भावी दिनमा फैसलामा रहेका त्रुटीविरुद्ध कस्तो कदम उठाउने भन्नेबारेमा छलफलमार्फत निर्णय लिने बताए।



शनिबार भारतीय सर्वोच्च अदालतका पाँच न्यायाधीशको बेन्चले सर्वसम्मतीबाट अयोध्याको विवादित भूमिमाथिको मुस्लिम पक्षको दावी खारेज गर्दै हिन्दू पक्षलाई जमिन दिने निर्णय सुनाएको हो।

अदालतले राम-जन्मभूमि न्यासलाई विवादको केन्द्रमा रहेको २.७७ एकड जमिनको हक दिएको छ। उता सुन्नी वक्फ बोर्डलाई अयोध्याभित्रै पाँच एकड जमीन दिइने पनि अदालतको फैसलामा उल्लेख छ।

फैसलामा मन्दिर निर्माणका लागि केन्द्र सरकारलाई तीन महिनाभित्र ट्रष्ट बनाउन निर्देशन दिइएको छ। जिलानीले पत्रकार सम्मेलनमा भने ,'अदालतको फैसला हाम्रो अपेक्षा अनुरूप सन्तोषजनक छैन। हामी यसमा सन्तुष्ट छैनौं। खास गरेर मस्जिद रहेको जमिन र नमाज पढिने गरेको भित्री प्राङ्गणको जमिन अर्को पक्षलाई दिइएको छ। हामी यसलाई न त्रुटी भन्न सक्छौं न न्याय नै मान्न सक्छौं। हामीहरू यस सम्बन्धमा आवश्यक कानुनी कदमबारे फैसलाको पूर्ण पाठ पढेपछि बताउनेछौं।'

# नेपाली महिलालाई लिडरशीप अवार्ड

न्युयोर्क/अमेरिकाको न्युयोर्क शहरमा अध्ययनरत नेपाली विद्यार्थी दिपिका श्रेष्ठले सन् २०१९ को 'एलसीयु फन्ड प्रेसिडेन्ट्स अवार्ड फर एक्सिलेन्स इन लिडरशीप' प्राप्त गरेकी छिन्।

१६० वर्षभन्दा पुरानो इतिहास रहेको द एलसीयु फन्ड फर वुमन एजुकेशनले बुधबार बरुक कलेजमा अध्ययनरत दिपिका श्रेष्ठलाई आफ्नो पडकास्ट मार्फत अमेरिकामा बस्दै आएका आप्रवासीहरूका लागि सहयोग हुने काम गर्दै आएकाले उक्त अवार्ड प्रदान गरेको हो। श्रेष्ठले विगत एक वर्षभन्दा बढी समयदेखि आफ्ना श्रीमानसँग मिलेर न्युयोर्कबाट 'एट द इन्ड अफ द डे' नामक साप्ताहिक पडकास्ट सञ्चालन गरिरहेकी छिन्। पडकास्टमा अमेरिकामा रहेका नेपाली र गैरनेपाली आप्रवासी युवापुस्तालाई करियर बनाउन मार्गनिर्देश गर्नेखालका कार्यक्रम बनाइन्छ। विभिन्न देशबाट अमेरिकामा बसाइँ सरेर आएका र यहाँ पनि आफ्नो करियरमा सफलता हासिल गरिरहेकाहरूसँग श्रेष्ठले पडकास्टमा अन्तरवार्ता लिने गर्छिन्।

'यो पडकास्ट गर्नुको मुख्य उद्देश्य नै अमेरिकामा आउने नयाँ पुस्तालाई यहाँ पनि आफ्नो करियरलाई निरन्तरता दिन सकिन्छ भनेर प्रोत्साहन दिनु हो,' श्रेष्ठले भनिन्, 'मैले कहिल्यै पनि सोचेकी थिइनँ कि यो पडकास्टको कामलाई यहँको समाजले यसरी महत्व दिँदै आएको रहेछ' उनले थपिन्। नेपालमा बीबीसी मिडिया एक्सनमा ५ वर्षभन्दा बढी सञ्चारकर्मीको रूपमा काम गरेकी श्रेष्ठ अमेरिकामा इन्टरनेशनल अफेयर्समा स्नातकोत्तर गरिरहेकी छिन्। अंग्रेजी भाषामा प्रशारण हुने उनको पडकास्ट युट्यूबमा हेर्न सकिनेछ भने आइट्युन्स, स्पोटिफाई लगायत १० भन्दा बढी पडकास्ट प्लाटफर्ममा सुन्न सकिन्छ।

# गुगलमा अयोध्याको सर्चिङ ८ गुणा बढ्यो




एजेन्सी/ अयोध्या विवादमा सर्वोच्चको निर्णय कहिले आउनेछ? गुगलमा यो कि-वर्ड सबैभन्दा धेरै सर्च गरिँदैछ। पछिल्लो एक हप्तामा अयोध्या कि-वर्डको सर्चिङ ८ गुणा बढेको छ।

१ नोभेम्बरमा अयोध्याका ११ पोइन्ट्स थिए जुन ४ नोभेम्बरमा बढेर २५ भयो र ८ नोभेम्बरसम्म २ सय पोइन्ट भयो। गुगल ट्रेन्डको डाटा अनुसार, अक्टोबरमा अयोध्याको सबैभन्दा धेरै सर्चिङ १६ अक्टोबरमा भयो। यो दिन सर्वोच्च अदालतमा सुनुवाई समाप्त भएको थियो। यसदिन अयोध्या कि-वर्डको सय पोइन्ट थियो।

गुगल ट्रेन्डमा पोइन्टले त्यो कि-वर्डको लोकप्रियता बताउँछ। उदाहरणका लागि एक कि-वर्डले कुनै दिन सय पोइन्ट पायो भने त्यो दिन त्यसको लोकप्रियता अन्य दिनको तुलनामा सबैभन्दा धेरै रह्यो। अयोध्या कि-वर्डलाई सबैभन्दा धेरै यूपीमा सर्च गरियो। त्यसपछि कर्नाटक, गोवा र दिल्लीको क्रम रह्यो। उता ट्वीटरमा १६ अक्टोबरमा 'राममन्दिर निर्माण' सबैभन्दा धेरै ट्रेन्ड रह्यो। दुई घण्टाभित्रै डेढ लाखभन्दा बढी ट्वीट भए।

# अध्यक्षमा कंडेल

बुटवल, २३ कार्तिक- पाल्पा भैरवस्थान-रूपन्देही परिवारको शनिबार शंकरनगरमा भएको अधिवेशनबाट सर्बसम्मत सहित नयाँ नेतृत्व चयन भएको छ। संस्थाको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनबाट अध्यक्ष पदमा संस्थाका संरक्षक मेघराज कंडेल निर्वाचित भएका हुन।

उपाध्यक्ष पदमा अर्जुन विश्वकर्मा, सचिवमा जीवन अधिकारी, कोषाध्यक्षमा रामचन्द्र कोईराला र सहसचिवमा सीता खनाल सर्वसम्मत निर्वाचित भएका हुन्। ११ सदस्यीय कार्यसमितिको सदस्य पदमा कल्पना पोखरेल, नारायणप्रसाद खनाल, प्रतिक्षा अर्याल, रेखा खाम्चा, माधवप्रसाद ज्ञवाली र अम्बिका खनाल निर्वाचित भएको प्रमुख निर्वाचन आयुक्त अर्जुन कार्कीले जानकारी दिए।

नवनिर्वाचित अध्यक्ष कंडेलले संस्थाले लिएका उद्देश्य अनुरूपका कामलाई अगाडी बढाउने र संस्थाको साखलाई माथि उठाउने प्रतिवद्धता व्यक्त गरे।

साधारण सभामा बोल्दै संस्थाका सल्लाहकार तथा भैरव जनता उच्च माध्यमिक बिद्यालयका पूर्व प्रधानाध्यापक विर्षबहादुर शाक्यले आपशी भाईचार सद्भाव अभिबृद्धि संगै संस्थाका सदस्यहरूको बित्तिय सुधारका क्षेत्रमा पनि सहयोग गर्नुपर्ने सुझाव दिए।

# नेकपाको टोल कमिटी गठनमा तीब्रता

भैरहवा, २३ कार्तिक- नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सिद्धार्थनगर वडा नम्बर ६ ले वडा अन्तर्गतका विभिन्न टोल कमिटी गठनलाई तीव्रता दिएको छ। पार्टी एकीकारणसँगै वडामा विभिन्न टोलहरू गठन भइरहेको नेकपा सिद्धार्थनगर सचिवालय सदस्य तथा वडा नम्बर ६ का अध्यक्ष राम दयाल गुप्ताले बताए।

त्यसै क्रममा शनिबार अमरनाथ पथ, चित्रगुप्त पथ, कर्ण पथ, समयमाई पथ र विष्णु पथमा राम विलास तिवारीको संयोजकत्वमा ११ सदस्यीय टोल कमिटी गठन गरिएको छ। जसको सचिवमा इन्द्रासन गुप्ता, सदस्यहरूमा राजेन्द्र गुप्ता, हरिकिसुन तेली, शिव प्रसाद जैसवाल, कृष्ण कुमार विश्वकर्मा, राजन गुप्ता, राम नवमी उमर, मालती देवी तेली, उपेन्द्र नाथ मल्लिक र जितेन्द्र कुमार श्रीवास्तव रहेका छन्।

कार्यक्रममा बोल्दै नेकपा रूपन्देही जिल्ला सचिवालय सदस्य तथा सिद्धार्थनगर इञ्चार्ज तिर बहादुर रोका मगर (डार्बिन)ले टोल कमिटी जनताको समस्या समाधानमा केन्द्रीत हुनुपर्ने बताए। उनले वडा नम्बर ६ लाई नेकपाको लालकिल्ला बनाउन टोलटोलमा पार्टीको अभियान पुगेको बताए।

त्यस्तै जिल्ला सचिवालय सदस्य तथा सिद्धार्थनगर कमिटी सचिव जीवलाल अर्याल, जिल्ला सदस्य कमला थापा, पार्टीका नेता विष्णु पन्थी, नगर सचिवालय सदस्य तथा वडा नम्बर ६ इञ्चार्ज रण बहादुर कुंवर, नगर सचिवालय सदस्य तथा वडा नम्बर ६ अध्यक्ष राम दयाल गुप्ता, नगर कमिटी सदस्य नसिबदार मुसलमान लगायतले बोल्दै नेकपाको नेतृत्वमा रहेको वर्तमान सरकारले गरेका राम्रा कामहरू जनतामाझ लैजानुपर्ने बताए।

# चुरेको अध्यक्षमा पुनः रावल

धनगढी, २३ कार्तिक- चुरे वातावरण तथा जैविक विविधता संरक्षण मञ्च नेपाल कैलालीको शनिबार नवौं बार्षिक साधारणसभा तथा दोस्रो अधिवेशन सम्पन्न भएको छ।

सम्पन्न अधिवेशनको बन्द शत्रले वीरेन्द्र बहादुर रावलको अध्यक्षतामा एक सदस्य पछि थप्नेगरी नौ सदस्यीय कार्य समिति नर्विरोध निर्वाचित गरेको छ। निर्विरोध निर्वाचित कार्य समितीका उपाध्यक्षमा जीवन गुरुङ, सचिवमा ओम प्रकाश सापकोटा, सहसचिवमा राजेन्द्र प्रसाद खनाल, कोषाध्यक्षमा राधा कुमारी कुँवर सदस्यमा जीत बहादुर बोहरा, हेमराज अवस्थी रहेका छन। अधिवेशनको उद्घाटन कैलाली जिल्ला समन्वय समितिका उपप्रमूख सुन्दरीदेवी चौधरीले गरिन्।

चुरे विनासलाई रोक्न र वातावरण संरक्षणमा योगदान पुगाउने उद्देश्यका साथ २०६७ सालमा विधीवत रूपले कैलाली जिल्ला प्रशासन कार्यालय र समाज कल्याण परिषदमा दर्ता रहेको चुरे संरक्ष्णण मञ्च नेपालको बिद्यानमा एक कार्यकालको अवधी ४ बर्षको रहने व्यवस्था अनुसार दोस्रो अधिवेशन सम्पन्न भएको कुरा अध्यक्ष वीरेन्द्र बहादुर रावलले जानकारी दिए।


## Susta Rural Municipality

**Office of the Rural Municipal Executive**

**Kudiya, Nawalparasi (Bardhaghat-Susta west)**

### INVITATION FOR BIDS/ SEALED QUOTATION

**(First Publication Date: 2076/07/24)**

1. Susta Rural Municipality, Office of the Rural Municipal Executive invites sealed bids and seal quotation from eligible bidders for the following works.

| S. N. | Contract No. | Description of works | Bid validity period/Bid security validity | Estimated Amount Without VAT (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee Non Refundable | Deadline for purchase of Bid Document | Deadline of bid submission | Date and time of bid opening |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SRM/ROAD/NCB/01-076-77 | 25 RD dhekhi Bharatiya Nahar Pulsamma Sadak Istar unnati (Susta-1, Rupauliya) | 90/120 days Sealed Bid | 7772035.11 | 210000 | 3000 | 2076/08/23 till 17:00 Hrs | 2076/08/24 till 12:00 Hrs | 2076/08/24at 14:00 Hrs |
| 2. | SRM/ROAD/NCB/02-076-77 | Susta-1 baruwa bar korukh dhekhi bankatti hundai bardhaghat 16no. ward jodne ghol sammako sadak Istar unnati (Susta-1, Baruwa) | 90/120 days Sealed Bid | 6916304.14 | 190000 | 3000 | 2076/08/23 till 17:00 Hrs | 2076/08/24 till 12:00 Hrs | 2076/08/24at 14:00 Hrs |
| 3. | SRM/ROAD/NCB/03-076-77 | Sadak Kalopatre (Durga mandir dhekhi janaki mandir janebato (Susta-04, Gokulnagar) | 90/120 days Sealed Bid | 3466716.71 | 100000 | 3000 | 2076/08/23 till 17:00 Hrs | 2076/08/24 till 12:00 Hrs | 2076/08/24at 14:00 Hrs |
| 4. | SRM/ROAD/NCB/04-076-77 | Sadak Kalopatre (Belwani-Balinagar samma) (Susta-05, belwani) | 90/120 days | 2593127.08 | 75000 | 3000 | 2076/08/23 till 17:00 Hrs | 2076/08/24 till 12:00 Hrs | 2076/08/24at 14:00 Hrs |
| 5 | SRM/ROAD/SQ/05-076-77 | Sadak istar unnati (sakar dina hishyama nandan ko ghar dhekhi B.P. Ma.Bi Tarfa jane sadak (susta-05, Sakardhini | 45/90days Sealed Quotation | 1726983.64 | 50000 | 1000 | 2076/08/08 till 17:00 Hrs | 2076/08/09 till 12:00 Hrs | 2076/08/09 at 14:00 Hrs |
| 6 | SRM/ROAD/NCB/06-076-77 | Sadak Kalopatre (Rampravesh koghar dhekhi daskshin tarfa radhu sharma ko ghar samma (Susta-03, Pattarkala) | 90/120 days | 2161297.42 | 63000 | 3000 | 2076/08/23 till 17:00 Hrs | 2076/08/24 till 12:00 Hrs | 2076/08/24at 14:00 Hrs |
| Account No. for bid document purchase fee: | | | Name of Bank: NMB Bank Ltd., Kudiya Nawalparasi(Bardhaghat susta west)<br>Name of Office: Susta Rural Municipality, Kudiya Nawalparasi (Bardhaghat susta west)<br>Account Number (Sanchit Kos): 1050085489800017 | | | | | | |
| Account No. for bid security deposit: | | | Name of Bank: NMB Bank Ltd., Kudiya Nawalparasi (Bardhaghat susta west)<br>Name of Office: Susta Rural Municipality, Kudiya Nawalparasi (Bardhaghat susta west)<br>Account Number (Dharauti Khata): 1050085489800044 | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Susta Rural Municipality, Kudiya Nawalparasi (Bardhaghat Susta West) or may visit PPMO website www.bolpatra.gov.np/egp, Emai Id: sustagaunpalika@gmail.com , Tel: 078-506001,506006,506005
3. Bidder Should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, may also deposit the cost of bidding document in the Sanchit Kos (account) as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
4. If last date of purchasing and/or submission falls on a government holiday, then next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same prescribed for the original last date of bid submission. The bid validity and bid security shall be counted after date of bid opening.
5. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
6. Susta Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. The place of bid purchase, bid submission and bid opening will be in Susta Rural Municipality, Office of the Rural Municipal Executive.
8. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese Laws.

**Chief Administrative Officer**